## धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी, नेपाल

### नगर कार्यपालिका वैठक, वैठक संख्या १४/०८२/०८३

मिति २०८२ साल चैत्र २६ गतेको कार्यपालिकाको निरन्तर कार्यपालिका वैठक मिति २०८२ चैत २७ गते कार्यवाहक नगर प्रमुख श्री अइन्द्र विक्रम वेघा ज्यूको अध्यक्षतामा बसेको वैठकको उपस्थिति।

**उपस्थिती:**

| क्र.स. | नाम | पद | कार्यालय/वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री अइन्द्र विक्रम बेघा | कार्यवाहक नगर प्रमुख | धउमनपा | |
| २. | श्रीयज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ३. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ४. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ५. | श्री राजेन्द्र राई | का.वा. वडा अध्यक्ष | धरान-४ | |
| ६. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ७. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ८. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| ९. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| १०. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| ११. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १२. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १३. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १४. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १५. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १६. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १७. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १८. | श्री मनिष विष्ट | का.वा वडा अध्यक्ष | धरान-१७ | |
| १९. | श्रीनरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २०. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २१. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २२. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २३. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २४. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २५. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २६. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २७. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २८. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २९. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३०. | श्री तीर्थराज राई | प्रमुख प्रशासकीय अधिकृत | धउमनपा | |
| **क्रस** | **नाम** | **पद** | | **दस्तखत** |
| १ | श्री गणेश प्रसाद खतिवडा | प्रशासन महाशाखा प्रमुख | धउमनपा | |
| २ | राजेन्द्र त्योंपाने | का.प. अध्यक्ष | धरान-६ | |
| ३ | सन्तोष राई | ” ” | धरान-१३ | |

मिति २०८२/१२/२६ गतेको कार्यपालिका बैठकको निरन्तरताः-

१७ बैठकको गणपुरक संख्या सम्बन्धमा।

यस उपमहागनरपालिकाको कार्यपालिका बैठकमा सचिव सहित ३० जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २७ जना सदस्यहरुको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुँदा अध्यक्षबाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो।

१८ सडक मानव उद्धार, संरक्षण तथा व्यवस्थापन कार्यविधि-२०८२ सम्बन्धमा।

यस धरान नगर क्षेत्रमा समय समयमा विभिन्न प्रकृतिका सडक मानवहरु आउने गरेको र तिनको व्यवस्थापन नगरपालिकाले गर्ने गरेको हुँदा त्यस्ता सडक मानवहरुको व्यवस्थापन गर्ने कार्यलाई व्यवस्थित गर्नका लागि सम्बन्धित महाशाखाबाट तयार भई कानून तर्जुमा मस्यौदा समितिमा छलफल तथा सिफारिस भएको सडक मानव उद्धार, संरक्षण तथा व्यवस्थापन कार्यविधि-२०८२स्वीकृत गर्ने निर्णय गरियो। उक्त कार्यविधि छुट्टै प्रमाणित गरी राखिएको छ।

१९ सदस्य मनोनयन सम्बन्धमा :

धरान उपमहानगरपालिकाको धरान स्मार्ट बसपार्क व्यवस्थापन कार्यविधि २०८२ को दफा ४ को उपदफा (१) (ग) बमोजिमका सदस्य पदमा तपसिल बमोजिमका वडा अध्यक्ष र कार्यपालिका सदस्यलाई मनोननयन गर्ने निर्णय गरियो।

तपसिल

I. श्री धन बहादुर राई वडा अध्यक्ष, वडा नं. ८
II. श्री सावित्रा परियार, कार्यपालिका सदस्य
III. श्री रमेश राई, वडा अध्यक्ष, वडा नं. २
IV. श्री नरेश कुमार इवारम, वडा अध्यक्ष, वडा नं. १५
V. श्री नरेन्द्र कुमार राई, वडा अध्यक्ष, वडा .नं. १८
VI. श्री कृष्णप्रसाद भट्टराई, वडा अध्यक्ष, वडा नं. १४
VII. श्री विकास भाटी, कार्यपालिका सदस्य एवम् राजस्व परामर्श समित सदस्य
VIII. श्री अनुप देवान, कार्यपालिका सदस्य एवम् पूर्वाधार विकास समिति संयोजक

२० टर्मिनल भवन सहितको स्मार्ट बसपार्कको आय ठेक्का सम्झौता सम्बन्धमा।

यस धरान उपमहानगरपालिकाको वडा नं. ८ तीनकुने सुन्दरवस्ती जग्गा विकास आयोजना क्षेत्रमा रहेको टर्मिनल भवन सहितको स्मार्ट वसपार्कमा सम्झौता गरेको मितिदेखि पाँच वर्षसम्मको लागि तोकिएको शर्तबमोजिम मिति २०८२।०८।२६ गते तेस्रो पटक ठेक्का सूचना प्रकाशन गर्दा जम्मा दुई वटा वोलपत्रहरु पेश भएका र यस कार्यालयको मूल्यांकन समितिले सार्वजनिक खरिद ऐन, २०६३ को उपदफा ८ अनुसार उक्त बोलपत्रहरु मूल्यांकन गर्दा सारभूत रुपमा प्रभावग्राही ठहर गरी मुल्याङकन गर्दा सबैभन्दा बढी ठेक्का अंक कवुल गर्ने श्री पाथीभरा कन्सट्रक्सन, इटहरीले पेश गरेको बोलपत्र स्वीकृतका लागि छनौट गरी सार्वजनिक खरिद ऐन २०६३ (संशोधित सहित) को दफा २७ को उपदफा (३) अनुसार ठेक्का सम्झौता गर्न पत्राचार गरिएकोमा तोकिएको समयभित्र पाथीभरा कन्सन्ट्रसन इटहरी-५ सुनसरीले कार्यसम्पादन जमानत पेश नगरेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ बमोजिम यस कार्यालयको मिति २०८२।११।२७ गतेको निर्णय अनुसार पाथीभरा कन्सट्रक्सन इटहरी-५ सुनसरीको बोलपत्र जमानत जफत प्रकृया अगाडी बढाई सो भन्दा लगत्तै पछिको अर्को न्यूनतम मूल्याङ्कित रकममा सारभूतरुपमा प्रभावग्राही दोश्रो बोलपत्रदाता ब्रदर्श ट्रेडर्स इटहरी, सुनसरीले पेश गरेको बोलपत्र रकम मूल्य अभिवृद्धि कर सहित १,०१,८१,३००।- (अक्षरुपी एक करोड एक लाख एकासी हजार तीन सय रुपैया) रकम स्वीकृत गरी निजले कबोल गरेको अन्तिम पाँचौ वर्षको लागि कायम हुने कूल बार्षिक ठेक्का रकम बराबरको नगदै धरौटी वा सोही रकम ब्रावरको रकम रु १,२३,१९,३७३।- रकमको ६ (छ) वर्ष म्याद भएको (क) वर्गको वाणिज्य बैंकबाट जारी गरिएको कार्यसम्पादन जमानत (Performance Bond) र पहिलो किस्ता वापतको किस्ता रकम सहित सार्वजनिक खरिद ऐन २०६३ (संशोधित सहित) को दफा २७ को उपदफा (३) अनुसार आजको मितिले १५ दिन भित्र ठेक्का सम्झौता गर्न मिति २०८२।११।२८ गते पत्राचार गरिएकोमा उक्त बोलपत्रदाताले मिति २०८२।१२।१० गते ६ (छ) वटा बुदाँ सहित यथाशक्य चाँडो बसपार्क सञ्चालनमा ल्याउन प्रस्ताव गरेको वोलपत्रादाताले पेश गरेकोमा बसपार्कको आय ठेक्काको सम्बन्धमा यस उपमहानगरपालिकालाई निर्माण सम्पन्न भई सञ्चालनको लागि तयारी भएको बसपार्क यथाशक्य चाँडो सञ्चालनमा ल्याउनु पर्ने भएको र निज बोलपत्र दाताको बोलपत्र रद्द गरी पुनः ठेक्का प्रकृया अगाडी बढाउँदा बसपार्क सञ्चालन गर्न अझै केही समय लाग्ने जसको कारण एकातर्फ उपमहानगरपालिकालाई प्राप्त हुने आन्तरिक आयमा निरन्तर कमी भई रहने र बसपार्क सञ्चालनमा समेत अझै विलम्ब हुने देखिएकोले निर्माण सम्पन्न भई सकेको बसपार्कलाई नगरपालिकाको तर्फबाट चाँडोभन्दा चाँडो सञ्चालनमा ल्याउन बोलपत्रदाताले प्रस्ताव गरेको छ बुँदे बसपार्क सञ्चालन कार्य रणनीतिलाई अवलम्बन गर्दै बसपार्क सञ्चालनमा ल्याउने र सो को लागि तत्काल बोलपत्रदाताले कबोल गरेको अन्तिम पाँचौ वर्षको लागि कायम हुने कूल बार्षिक

ठेक्का रकम बराबरको नगदै धरौटी वा सोही रकम बराबरको रकम रु १,२३,१९,३७३।- को २५% रकमले हुन आउने रकम रु ३०,७९,८४४।- (तिस लाख उन्नाअसी अजार आठ सय चौवालिस रुपैया मात्र) ७ (सात) दिन भित्र बुझाउन लगाउने र निजको बसपार्क सञ्चालनको प्रस्ताव बमोजिम बसपार्क सञ्चालन भएको तीन महिनाभित्र बाँकी कार्यसम्पादन जमानत वा नगदै धरौटी रकम पेश गर्न लगाई ठेक्का सम्झौता गर्ने गरी र धरौटी वा जमानत यदी पेश गर्न नसकेमा बोलपत्र बापत पेश गरेको रकम र कार्यसम्पादन जमानत बापत पेश गरेको २५% रकम समेत जफत गरी आवश्यक कारवाही प्रकृया अगाडी बढाउँदा उपमहानगरपालिकालाई कुनै आर्थिक हानि नहुने, तात्कालिक आवश्यकता समेत पुरा हुने र भाडा/ठेक्का रकम समेत प्राप्त हुने देखिएको हुँदा बढाउने निर्णय गरियो । साथै नगर कार्यपालिकाको कार्यालयको कारणले बसपार्क सञ्चालन नभएमा उक्त धरौटी निजलाई फिर्ता दिने समेत निर्णय गरीयो।

२१ **कार्यदल गठन गर्ने सम्बन्धमा:**

राजस्व परामर्श समितिको मिति २०८२/१२/२७ मा बसकेको वैठकको सिफारीश अनुसार यस कार्यालयले संकलन गर्ने पूर्वाधार (सडक) उपयोग सेवा शुल्क र जडीबुटी, जिवजन्तु तथा कवाडी कर संकलन केन्द्र र सो कर तथा शुल्क को विषयमा देखिएका समस्याहरुका विषयमा अध्ययन गरी राय, सुझाव सहितको प्रतिवेदन ७ दिन भित्र पेश गर्न तपसिल बमोजिमको एक कार्यदल गर्ने निर्णय गरीयो ।

**तपिसल**

संयोजक - श्री विवेक राई, वडा अध्यक्ष धरान १०
सदसंय - श्री रुपेश आचार्य, वडा अध्यक्ष, धरान ९
सदस्य - श्री यज्ञमणी आचार्य, वडा अध्यक्ष, धरान १
सदस्य - श्री विनिता बज्राचार्य कार्यपालिका सदस्य, धरान उपमहानगरपालिका
सदस्य - श्री सुनसरी उद्योग वाणिज्य संघ अध्यक्ष वा निजले तोकेको प्रतिनिधी
सदसंय - श्री कृषि उपज बजार सञ्चालक समिति अध्यक्ष वा निजले तोकेको प्रतिनिधी
सदसंय - ईन्जिनियर श्री प्रकाश शर्मा, धरान उपमहानगरपालिका
सदस्य सचिव - श्री राजस्व प्रशासन महाशाखा प्रमुख

२२ **प्रर्दशनी केन्द्रका लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा।**

कोशी प्रदेश सरकारले धरानमा अन्तराष्ट्रिय स्तरको प्रदर्शनी केन्द्र निर्माण गर्ने भनि लागि मिति २०७४/१०/११ मा निर्णय भएकोले उपयुक्त जग्गाको माग भएकोले उपयुक्त जग्गा उपलब्ध गराइदिन भनि सुनसरी उद्योग वाणिज्य संघबाट समेत माग भइ आएको सम्बन्धमा मिति २०८२/०९/०१ गतेको कार्यपालिका वैठकबाट वडा नं. १५ का वडाध्यक्षको संयोजकत्वमा जग्गा खोजि सिफारिस गर्न समिति गठन भएकोमा उक्त समितिको प्रतिवेदन आजको वैठकमा पेश भइ छलफल भयो। सो समितिबाट वडा नं. ६ को सेरा खोला पुर्व मदन भण्डारी हाइवे नजिक रहेको प्रस्तावित औद्योगिक ग्रामको जग्गाहरु मध्ये औद्योगिक ग्रामको लागि तयार गरिएको मास्टर प्लानमा ९७ वटा प्लटहरु रहेकोमा प्रर्दशनी क्रेन्द्रका लागि उक्त औद्योगिक ग्रामको दक्षीणका प्लटहरु ३ देखि १२ सम्मका जम्मा क्षेत्रफल ५९,४०८ वर्ग मिटर (८ विघा १५ कठ्ठा जग्गा) उपलब्ध गराउदा उपयुक्त हुने भनि सिफारिस भइ आएकाले सिफारिस भएको जग्गा प्रदर्शनी केन्द्रका लागि जग्गा उपलब्ध गराउने निर्णय गरियो।

२३ **बाँझगरा ९ (क) र घोपा ७ (घ) तथा (ङ) का जग्गा सम्बन्धी प्रतिवेदन सम्बन्धमा।**

सर्दुजलाधार क्षेत्रका जग्गाहरुको विषयमा विभिन्न निकायहरुमा उजुर परी छानबिन भइरहेको क्रममा बाँझगरा ९ र घोपा ७ का सम्पूर्ण जग्गाहरु रोक्का रहेकामा उक्त क्षेत्रका स्थानीयवासीहरु मध्ये केहि स्थानीयवासीहरुले साविक बाँझगरा ९ (क) र घोपा ७ (घ) र (ङ) का जग्गाहरु जलाधार क्षेत्रमा नपर्ने भएका हुनाले फुक्का गरी पाउँ भनि पेश गरेको निवेदन सम्बन्धमा २०८२/०९/०१ गते बसेको कार्यपालिका वैठकको निर्णयबाट १३ नं. वडाका वडाध्यक्षको संयोजकत्वमा गठित छनविन तथा सिफारिस समितिको प्रतिवेदन आजको वैठकमा पेश भई छलफल गरियो। सो सम्बन्धमा सिफारिस समितिको प्रतिवेदनका आधारमा अदालतको निर्णयलाई उच्च सम्मान गर्दै बाँझगरा ९ (क) र घोपा ७ (घ) तथा (ङ) का जग्गाहरुमा न्यूनतम आधारभुत मानवीय आवश्यकताका लागि खानेपानी र विद्युतीय सेवा आपुर्ती गर्ने जस्ता विषयहरुको व्यवस्थापन गर्नका लागि जग्गाको करसम्म लिने निर्णय गरियो।

२४ **बुढाहाङ्ग वस्ती धरान-२० लाई खानेपानी मुहान उपयोग अनुमति सम्बन्धमा।**

धरान २० स्थित बुढाहाङ्ग वस्तीवासीहरुले प्रयोग गर्दै आएको खानेपानी मुहान स्वीकृतिका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित निवेदन पेश भएकोमा नगरपालिकाबाट स्वीकृतखानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ अनुसार गठन भएको मुहान उपयोग सिफारिस समितिले उक्त क्षेत्रको स्थलगत अनुगमन गरी सिफारिस गरे बमोजिमको बुढाहाङ्ग वस्ती खानेपानी उपभोक्ता समिति, धरान-२० लाई तपसिलको मुहान उपयोग गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो।

- बुढाहाङ्ग वस्ती खानेपानी उपभोक्ता समिति, धरान-२० ले प्रयोग गरिरहेको धरान-२० स्थित रहेको नापा मुहान, छेत्तछेले मुहान, भोटेचाखाम मुहान, खहरे खेत मुहान, कालीमाटी सिरान खोलाको मुहान।

## २५ निर्णय अनुमोदन गर्ने सम्बन्धमा।

१. "श्रम संस्कृति पार्क कोष" बाट खर्च गर्ने गरी सञ्चालन गर्न विभिन्न मितिमा तत्कालिन नगर प्रमुख स्तरीय निर्णयबाट भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको विवरण | श्रम संस्कृति पार्क कोषबाट व्यहोरिने खर्च रकम (रु.) | जनसहभागिता रकम (रु.) | निर्णय मिति |
|---|---|---|---|---|
| १. | आधारभूत मार्ग समूह चौकदेखि उत्तर तर्फको बाटो कालोपत्रे गर्ने कार्य, धरान १५ | ९,००,०००।०० | ५,९४,८५३।०३ | २०८२।०९।०२ |
| २. | पटनाली स्थित समावेशी टोलमा थप ढल निर्माण गर्ने कार्य, धरान १७ | २,००,०००।०० | १,१६,७१२।९५ | २०८२।०९।०७ |
| ३. | विष्णुपादुका लुप मार्गमा ढल तथा एजिंग निर्माण गर्ने कार्य, धरान ११ | ६,२०,०००।०० | १,६०,३६४।६८ | २०८२।०९।०८ |
| ४. | श्रम संस्कृति पार्कको चिम्लेटी मर्मत कार्य, धरान १३ | २५,०००।०० | | |
| ५. | SDSपार्कको काउण्डर र बाटोमा रेलिंग लगाउने कार्य, धरान १३/२० | ४,१८,७००।०० | | |

२. चालु आ.व. ०८२।८३ को बजेट पुस्तिकाको भवन, आवास तथा शहरी विकास उपक्षेत्रको सि.नं. ८७, ८८ मा उल्लेख भएको "श्रमदानबाट हुने योजना (ढल/कल्भर्ट/पार्क आदिको) लागि गिटी, बालुवा, ढुंगा, रड, सिमेन्ट खरिद तथा ढुवानी खर्च-नगर गौरव" शिर्षकमा विनियोजित रु. ७५ लाखबाट विभिन्न मितिमा तत्कालीन नगर प्रमुख स्तरीय निर्णयानुसार भएका सम्झौताहरु तथा योजनाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको विवरण | "श्रमदानबाट हुने योजनका लागि गिटी, बालुवा, ढुंगा, रड, सिमेन्ट खरिद तथा ढुवानी खर्च" शिर्षकबाट व्यहोरिने खर्च रकम (रु.) | जनसहभागिता रकम (रु.) | निर्णय मिति |
|---|---|---|---|---|
| १. | साउने टोलको बाटोमा ड्रेन निर्माण गर्ने कार्य, धरान १७ | ७,६८,०००।०० | १,८७,१४४।३२ | २०८२।०८।१४ |
| २. | गोदावरी मार्गको बाटोमा अधुरो एजिंग वाल निर्माण गर्ने कार्य, धरान ५ | २,८०,०००।०० | १,१६,८७१।८३ | २०८२।०९।०७ |
| ३. | पटनाली सर्दु खोलाबाट सिंचाईको कुलो निर्माण गर्ने कार्य, धरान १७ | ५,००,०००।०० | १,२३,४२८।६४ | २०८२।०८।२४ |
| ४. | फोकल्यान्ड मार्गको लुप बाटोमा ढल निर्माण गर्ने कार्य, धरान १७ | १५,००,०००।०० | ६,०४,५१८।६६ | २०८२।०८।२८ |
| ५. | आपटार मार्गको बाटोमा अधुरो भएको ड्रेन निर्माण गर्ने कार्य, धरान ५ | ८,००,०००।०० | १,९७,१९२।५६ | २०८२।०८।१६ |
| ६. | रमाइलो मार्गको बाटोमा एजिंग वाल निर्माण गर्ने कार्य, धरान ५ | ४,८५,०००।०० | २,०१,६५२।९२ | २०८२।०८।१० |
| ७. | नमुना मार्गमा ड्रेन निर्माण गर्ने कार्य, धरान १७ | १०,००,०००।०० | ३,२३,००१।५० | २०८२।०८।१४ |
| ८. | इन्द्रारी पराजुली मार्गमा ड्रेन निर्माण गर्ने कार्य, धरान १७ | ११,६७,२५७।०० | २,७२,३८८।३२ | २०८२।०८।१६ |

## २६ नगर दररेट स्वीकृत गर्ने सम्बन्धमा।

दलित संग्रहालयको Statue निर्माण वडा नं. २० शीर्षकमा रु. ३ लाख कोशी प्रदेश सरकारको ससर्त अनुदान प्राप्त भएको र मुर्ति सम्बन्धी नम्स नभएको हुनाले मिति २०८२/१२/१९ मा श्री प्रदेश संग्रहालय धनकुटामा लेखि पठाइएकोमा मिति २०८२/१२/१९ को पत्र मार्फत सुन कमाउदै गरेको तलको विवरण अनुसार दररेट प्राप्त भएकाले सोहि अनुसार दररेट पारित गर्ने निर्णय गरियो।

**तपसिल**

| कामको विवरण | इकाई | दररेट |
|---|---|---|
| डिजाइन फोटो, संकलन माटो, आर्मेचर मोडलिङ साँचो निर्माण बरफाई, कस्टिंग ढलान फिटिग तथा रंग रोगन सहितको २ फिट ४ इन्च बाइ २ फिट ४ इन्च साइजको प्रतिमा र १ फिट ६ इन्च वाइ १ फिट ६ इन्च साइजको आरन फाईबरको सुन कमाउँदै गरेको प्रतिमा निर्माण गरी साइटमा जडान गर्ने काम | प्रतिसेट | रु. ३लाख |

## २७ योजना तथा कार्यक्रम संशोधन/रकमान्तर सम्बन्धमा।

योजना तथा कार्यक्रम संशोधन/रकमान्तर सम्बन्धमा मिति २०८३-१-३ गते नगर सभाको वैठक आह्वान भै सकेकोले सम्पूर्ण विषयगत समिति तथा वडागत समितिका समेत संशोधन प्रस्ताव माग गरी वजेट समितिबाट समेत सिफारिस गरी आगामी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

२८ **स्कुल बस सम्बन्धमा।**

यस धरान उपमहानगरपालिका भित्र सञ्चालित सामुदायीक विद्यालयहरुलाई क्रमशः स्कुल वस खरिद गरी हस्तान्तरण गरिने सम्बन्धमा थप अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

२९ **विद्यालयहरुको स्तरउन्नती सम्बन्धमा।**

यस धरान उपमहानगरपालिका क्षेत्रमा सञ्चालित विभिन्न विद्यालयहरुले शैक्षिक सत्र २०८३ देखि विद्यालय कक्षा थपको लागि अनुमति माग गरी पेश गरेको निवेदनमा सम्बन्धित महाशाखा तथा शिक्षा समितिबाट स्थलगत अनुगमन गरी नगर शिक्षा समितिको मिति २०८२-१२-२५ गतेको वैठकको निर्णयबाट सिफारिस भई आएका तपसिलका विद्यालयहरुको कक्षा थपका लागि अनुमति दिने निर्णय गरियो।

| क्र सं | विद्यालयको नाम | वडा नं | विद्यालयको किसिम | अनुमति दिइएको कक्षा | कैफियत |
|---|---|---|---|---|---|
| १ | दिपेन्द्रस्मृति आधारभूत विद्यालय | १७ | सामुदायिक | ८ | |
| २ | जनजागरण आधारभूत विद्यालय | २० | सामुदायिक | २ | |
| ३ | होलीगार्डेन एकेडेमी | १ | संस्थागत | ९ | |
| ४ | देउराली पञ्चकन्या विलिभर्स ईङ्लिस स्कुल | ५ | संस्थागत | १० | |
| ५ | धरान इङ्लिस बोर्डिङ् स्कुल | ५ | संस्थागत | ८ | |
| ६ | मदर इङ्लिस बोर्डिङ् स्कुल | ५ | संस्थागत | ५ | |
| ७ | उज्वलतारा एकेडेमी | ६ | संस्थागत | ९ | |
| ८ | जोलसाया एकेडेमी | ११ | संस्थागत | १० | |
| ९ | चिल्ड्रेनस हाउस मन्टेश्वरी स्कुल | १५ | संस्थागत | ५ | |

३० **धन्यवाद ज्ञापन सम्बन्धमा।**

मिति २०८२/११/१५ गतेका दिन धरान-४ का वडाध्यक्ष श्री धनबहादुर राईद्वारा अध्यक्ष पदमा रहि निरन्तरता दिन असमर्थ भएको कारण देखाई राजीखुसीले नेपालको संविधानको धारा २१६ को उपधारा ८ (क) बमोजिम अध्यक्ष पदबाट राजिनामा दिनु भएको हुँदा निजबाट आफ्नो कार्यकालमा वडाध्यक्षको हैसियतले यस धरान उपमहानगरपालिकामा पुऱ्याउनु भएको अतुलनीय योगदान प्रति धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

३१ **विविध।**

क) **असाधारण विदा सम्बन्धमा।**

यस उपमहानगरपालिकाको स्वास्थ्य महाशाखा अन्तर्गत धरान ११ स्थित शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्रमा कार्यरत सि.अ.न.मि. छैटौं तहका संगिता राई (क.स.नं. २११५९०) ले आफ्नो घरायसी तथा पारिवारीक समस्याको कारणमिति २०८२/१०/०१ गते देखि लागु हुने गरी १(एक) वर्षको असाधारण विदा स्वीकृतिका लागि माग गर्नु भएको सम्बन्धमा कोशी प्रदेशबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफाको १२१ बमोजिम निजको मिति २०८२/१०/०१ गतेदेखि लागु हुने गरी १(एक) वर्षका लागि असाधारण विदा स्वीकृत गर्ने निर्णय गरियो।

ख) **तहबृद्धि सम्बन्धमा।**

कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा २७ बमोजिम तहबृद्धिका लागि निवेदन पेश गरेका कर्मचारीहरुको गत आ.ब. ३ वर्षको कार्य सम्पादन मूल्यांकनको नतिजाका साथै रित पुगेका निवेदकहरुले पेश गरेका कागजातको आधारमा मिति २०८२/१०/२२ गतेको तहबृद्धि सिफारिस समितिको निर्णयबाट तहबृद्धिका लागि सिफारिस गरेका तपसिल बमोजिमका कर्मचारीहरुको तहबृद्धि गर्ने निर्णय गरियो।

| क्रस | नाम, कर्मचारी संकेत नं. | हालको पद, तह | तहबृद्धि हुने तह | कैफियत |
|---|---|---|---|---|
| १ | रमेश शर्मा रेग्मी, १८८४४२ | जुनियर इलेक्ट्रिसियन, पाचौं | छैटौं | |
| २ | संतोष कुमार रौनियार, २३९७४४ | कम्प्युटर अपरेटर, पाचौं | छैटौं | |

ग) **दररेट स्वीकृत सम्बन्धमा।**

नेपाल सरकारबाट सरकारी विद्यालयहरुमा अध्ययनरत छात्राहरुलाई सेनेटरी प्याड खरिद गरी निशुल्क वितरण गर्न सशर्त अनुदानमा रकम प्राप्त भएकोमा उक्त सेनेटरी प्याड खरिद गर्न सूचना प्रकाशन गर्नका लागि दररेट आवश्यक भएको हुँदा सो प्याड खरिदका लागि अघिल्लो आ.व.मा कायम भएको प्रति प्याकेट रु. ७२/- लाई नै कायम गर्ने निर्णय गरियो।

घ) **एन्टिरेबिज भ्याक्सिन (ARV) सम्बन्धमा।**

कुकुर लगायत विभिन्न जनवारहरुको टोकाईको कारण एन्टिरेबिज भ्याक्सिन धरान उपमहानगरपालिकाका नागरिकहरुलाई निशुल्करुपमा उपलब्ध गराउनका लागि स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा टेकु काठमाडौंमा माग गर्ने निर्णय गरियो।

ङ) **आर्थिक सहयोग।**

विभिन्न व्यक्तिहरुबाट विभिन्न उपचार गर्नका लागि सहयोग माग भई वडाको सिफारिस सहित पेश भएका निवेदनहरु तपसिल अनुसार सहयोग दिने निर्णय गरियो।

i. सन्ध्या श्रेष्ठ, धरान उपमहानगरपालिका वडा नं. २, क्यान्सर उपचार सहयोग नगर भिजन अति विपन्न सहयोग कोष बाट रु. २५,०००/-

ii. सुमन वि.क., वडा नं. ८ सभागृह मार्ग घरमा आगलागी भई आगोले पोलेकोमा उपचार सहयोग रु. २०,०००/-

iii. बाटुली माया दमाई, धरान- ८ रक्तचापले पक्षाघात भएको उपचार सहयोग रु. २०,०००/-

iv. उत्पल रोय धरान- १६ दुर्घटनामा परी घाइते भएको उपचार सहयोग रु. २०,०००/-

v. शान्ती लिम्बु धरान- ६ मानसिक रोगका कारण उपचार गराइरहेकोले उपचार सहयोग रु.२०,०००/-

vi. टिकाराम विश्वकर्मा धरान-६, वैदेशिक रोजगारका क्रममा दुर्घटना भई घाइते भएको उपचार सहयोग रु. २०,०००/-

vii. कोपिला राई, धरान १२ टाउकोमा रगत जमेको उपचार सहयोग रु. २०,०००/-

viii. प्रतिमा ठटाल धरान १७ मुटु रोगको उपचार सहयोग रु. २०,०००/-

ix. सुस्मा मग्राती धरान-१७ क्यान्सर रोगको उपचार सहयोग रु. २०,०००/-

x. सुनिल श्रेष्ठ, धरान-१७ लागु औषध सेवनका कारण स्वास्थ्यमा समस्या आएकोले उपचार सहयोग रु. २०,०००/-

xi. शान्ती दर्जी, धरान-१७, खुट्टा भाचिएको हुदा उपचार सहयोग रु. २०,०००/-

xii. हरिमाया खड्की, धरान-३, क्यान्सर रोगको उपचार सहयोग रु. २०,०००/-

xiii. उमा सुब्बा, धरान-१६, मृगौला रोगको उपचार सहयोग रु. २०,०००/-

xiv. अशु केशर पाण्डे, धरान-१, मस्तिष्क पक्षघात रोगको उपचार सहयोग रु २०,०००/-

xv. सुनिल ताम्रकार, धरान-१४ लडेर देब्रे खुट्टा भाचिएकोले उपचार खर्च स्वरुप रु. २०,०००/-

xvi. समिर भुजेल, धरान-१, दुर्घटना परी उपचार गराइरहनु भएकोले उपचार खर्च स्वरुप रु. २०,०००/-

xvii. झप्पड बहादुर थापा, धरान-१४, गोठमा आगलागी भएको सहयोग रु. २००००/-

xviii. जंगे दमाइ, धरान-१३, पसल आगलागी भएकोले सहयोग रु. २००००/-

xix. स्व. निर्मल कृष्ण श्रेष्ठ, कर्मचारी धउमनपा, आर्थिक सहयोग स्वारुप रु. ५०,०००/-

xx. धरान उपमहानगरपालिका वडा नं. ८ सभागृह मार्ग स्थित जसमाया तामाङको घरमा मिति २०८२/०६/१४ गते आगलागी भई सो घरमा बहालमा बस्ने तपसिलका व्यक्तिहरुकोलत्ता कपडा, फर्निचर, मोबाईल लगायतका सामाजहरु जलेर नष्ट भएकोले निजहरुलाई राहत क्षतिपुर्ती स्वरुप सहयोग उपलब्ध गराउने।

- सिता नेपाली, धरान-८, राहत क्षतिपुर्ती सहयोग रु. १५,०००/-
- विमला कार्की, धरान-८, राहत क्षतिपुर्ती सहयोग रु. १५,०००/-
- भोगेन्द्र श्रेष्ठ, धरान-८, रात क्षतिपुर्ती सहयोग रु. १५,०००/-
- विरेन्द्र लिम्बु, धरान-८, राहत क्षतिपुर्ती सहयोग रु. १५,०००/-

xxi. धरान-११ स्थित कविता विश्वकर्माको नाममा रहेको श्री गणनायक ज्वेलर्समा आगलागिका कारण सुनचाँदी, फर्निचर जलेर नष्ट भएकोले राहत उपलब्धका लागि ११ नं. वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि बमोजिम रु. २५,०००/- राहत स्वरुप उपलब्ध गराउने।

xxii. धरान-१५ स्थित दशरथ मार्ग निवासी कृष्ण कुमार गुरुङको घरमा सन्योग थेवेको नाममा दर्ता भइ सञ्चालन गरिरहेको सन्योग किराना पसलमा विधुत सर्ट भई आगलागी हुँदा भौतिक क्षति भएकोले राहत उपलब्धका लागि १५ नं. वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि बमोजिम रु. २०,०००/- राहत स्वरुप उपलब्ध गराउने।

मिति २०८२।०८।२१

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
धरान उपमहानगरपालिका, धरान।

विषय - बालमैत्री स्थानीय शासन कार्यन्वयन कार्यविधि, २०७५ संसोधन सम्बन्धमा।

प्रस्तुत विषयमा बालमैत्री स्थानीय शासन कार्यन्वयन कार्यविधि, २०७५ लाई उपमहानगरपालिकाको नीति, कार्यक्रम र वर्तमान समयानुकुल विविधिकरण तथा विशिष्टिकरण गर्नका लागि देहाय बमोजिम समसामयिक संशोधन गर्न बाञ्छनिय भएकोले श्रीमान समक्ष आवश्यक देहाय बमोजिम ३ महले मार्गदर्शन सहित निर्णयार्थ पेश गरिएको छ।

**देहाय**

| क्र.स. | मौजुदा व्यवस्था | संसोधित व्यवस्था | संसोधन गर्नु पर्नाको कारण | कैफीयत |
|---|---|---|---|---|
| १ | कार्यविधिको परिच्छेद १ दफा १ को उपदफा (क), (ख) र (ग) मा "निर्देशिका" लेखिएकोमा | "कार्यविधि" लेखिनु पर्ने | प्रस्तुत कानून कार्यविधि हो | |
| २ | कार्यविधिको परिच्छेद २ को दफा ३ को खण्ड (क) मा धरान उपमहानगरपालिकामा दोस्रो नगर सभाबाट भएको निर्णय अनुसार २०७५ साल भित्रमा सबै वडाहरुमा बालमैत्री स्थानीय शासनका सूचकहरु पूरा गरी बालमैत्री स्थानीय शासन अबलम्बन गर्ने साथै २० वटै वडाहरुमा सूचकहरु पूरागरी बालमैत्री वडा घोषणा गर्ने र नगरलाई समेत बालमैत्री नगर घोषणा गरिने छ। | धरान उपमहानगरपालिकाले २०८७ साल भित्रमा सबै वडाहरुमा बालमैत्री स्थानीय शासनका सूचकहरु पूरा गरी बालमैत्री स्थानीय शासन अबलम्बन गर्ने साथै २० वटै वडाहरुमा सूचकहरु पूरागरी बालमैत्री वडा घोषणा गर्ने र नगरलाई समेत बालमैत्री नगर घोषणा गरिने छ। | वि.स. २०७५ सालमा घोषणा गर्ने भनिएकोमा चालु आ.व. २०८१/०८२ सम्मा आईपुग्दा सम्म सबै वडा बालमैत्री घोषणा गर्न नसकिएकोले | |
| 3 | कार्यविधिको परिच्छेद २ को दफा ३ को खण्ड (ख) मा बालमैत्री वडा र नगर घोषणाका लागि बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधी, २०६८ ले निर्धारण गरेका न्यूनतम सुचक र तहगत खुड्कीलाहरु लाईनै अबलम्बन गरिने छ। | बालमैत्री वडा र नगर घोषणाका लागि बालमैत्री स्थानीय शासन कार्यन्वयन निर्देशिका, २०७८ र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधी, २०७९ ले निर्धारण गरेका न्यूनतम सुचक ५१ वटा र ४ वटा चरणहरुको अवलम्बन तथा कार्यनवयन गरिनेछ | नेपाल सरकार बाट कार्यविधि संसोधन भई कार्यन्वयनमा रहेको। | |
| 4 | कार्यविधिको परिच्छेद २ दफा ४ को खण्ड (क) मा धरान | धरान उपमहानगरपालिकाका सबै वडाहरुलाई बालमैत्री बनाउन | नेपाल सरकार बाट कार्यविधि संसोधन भई | |

| | | | | |
|---|---|---|---|---|
| | उपमहानगरपालिकाका सबै वडाहरुलाई बालमैत्री बनाउन बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ ले निर्धारण गरका न्यूनतम ३९ वटा सूचक र नगरपालिकाको मिति २०७४।०२।०३ गतेको बोर्ड बैठकवाट स्वीकृत सरलीकृत सूचकहरुलाई अबलम्बन गरिने छ। | बालमैत्री स्थानीय शासन कार्यन्वयन निर्देशिका, २०७८ र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधी, २079 ले निर्धारण गरेका न्यूनतम सुचक ५१ वटा र ४ वटा चरणहरुको अवलम्बन गरिनेछ | कार्यन्वयनमा रहेको। | |
| 5 | कार्यविधिको परिच्छेद ५ दफा १२ को खण्ड (क), (ख) र (ग) मा ३९ सूचक र ४ खुड्कीला को व्यवस्था रहेकोमा | ५१ सूचक ४ चरण को व्यवस्था गर्नुपर्ने | नेपाल सरकार बाट कार्यविधि संसोधन भर्इ कार्यन्वयनमा रहेको। | |
| 6 | थप गर्नुपर्ने | सहजिकरण समिति | बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, 2079 को दफा 7 ले व्यवस्था गरेबमोजिम हुनलार्इ | |
| 7 | थप गर्नुपर्ने पदाधिकारी सम्बन्धमा | पदाधिकारी सहित २० जनाको समिति रहने र देहाय बमोजिम पद रहने<br>अध्यक्ष – १<br>उपाध्क्ष – १<br>सचिव – १<br>सहसचिव – 1<br>कोषाध्यक्ष - १ | पदाधिकारी संख्य एकिन हुनलार्इ | |